# दुर्घटना न्यूनीकरणका लागि बाँकेमा ट्राफिक सप्ताह




**शुभाकर विश्वकर्मा/हिटा**
नेपालगञ्ज, १० फागुन

बाँकेमा साताव्यापी ट्राफिक सप्ताह सुरु भएको छ। जिल्लामा बढ्दो सवारी दुर्घटना न्यूनीकरण गर्न बिहीबारबाट सप्ताह सुरु गरिएको हो। अभियानको उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले उद्घाटन गर्नुभएको थियो। उहाँले सप्ताहको सवारी चालकलाई हेल्मेट हस्तान्तरण गर्दै नियम सम्बन्धि स्टिकर टास गरि उद्घाटन गर्नुभएको हो।

उद्घाटनमा बोल्दै गृहमन्त्री श्रेष्ठले आम सर्वसाधारणमा ट्राफिक सचेतना अभिवृद्धि गर्दै सडक अनुशासन कायम गर्नका लागि सबैलाई प्रेरित गर्न आवश्यक रहेको बताउनुभयो। यस्ता अभियानले सडक अनुशासन कायम गर्दै बढ्दो सवारी दुर्घटना न्यूनीकरणमा भूमिका खेल्ने र अभियानलाई सफल पार्न सबैलाई आह्वान गर्नुभयो। गृहमन्त्री श्रेष्ठले सवारी दुर्घटना न्यूनीकरणका लागि सबै पक्षको इमानदारिता र सक्रियता आवश्यक रहेको पनि बताउनुभयो।

सडक सुरक्षा र ट्राफिक नियमसम्बन्धी प्लेकार्डसहित र्‍यालीसमेत निकालिएको थियो। यसले ट्राफिक सचेतना नागरिकसम्म पुर्‍याउन सहयोग पुग्ने अपेक्षा गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख गोपीकृष्ण सुवेदीले जानकारी दिनुभयो। सडकको अवस्था, भौगोलिक कारण, सवारीसाधनको अवस्था, ट्राफिक नियमको उल्लंघन, मौसमलगायतका कुरामा ध्यान नदिँदा बढी दुर्घटना हुने गरेको छ। पैदलयात्री जथाभावी बाटो काट्ने, चौपाय छाड्ने जस्ता कुरा थप दुर्घटना बढेका कारण जनचेतना जगाउँदै दुर्घटना न्यूनीकरण गर्न ट्राफिक सप्ताह सुरु गरिएको ट्राफिक प्रहरीले जनाएको छ।

यस्तै सप्ताहअन्तर्गत पैदलयात्रीलाई सडकपेटी तथा जेब्राक्रसबाट हिँड्न सिकाउने, सवारीसाधनको गतिक्रम गर्न प्रेरित गर्ने तथा जेब्राक्रसमा पैदल यात्रीलाई प्राथमिकता दिने, पार्किङ एवम् सडकपेटी व्यवस्थित गर्दै ट्राफिक सचेतनासम्बन्धी पर्चा र पम्प्लेट वितरण गर्ने, विद्यार्थीलाई ट्राफिक नियमको प्रशिक्षण दिनेलगायतका कार्यक्रम रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख सुवेदीले बताउनु भयो।

## मानव बेचबिखनका फरार प्रतिवादी पाँच वर्षपछि पक्राउ

**काठमाडौं।** वैदेशिक रोजगारीको नाममा मानव बेचबिखन गर्ने एक फरार प्रतिवादीलाई प्रहरीले पाँच वर्षपछि नियन्त्रणमा लिएको छ। झापाको मेचीनगर नगरपालिका-१४ घर भएका ४३ वर्षीय रवि भनिने शेखरनाथ प्रसाईंलाई प्रहरीले लुकिछिपी बसिरहेको अवस्थामा फेला पारी नियन्त्रणमा लिएको हो। विसं २०७५ सालमा दुबईमा रहेका शेखरनाथसहितका प्रतिवादीहरूले पीडितलाई लिबियामा सेक्युरिटी गार्डमा जागिर लगाइदिने भन्दै आकर्षक तलबको प्रलोभन देखाई लिबिया पुर्‍याएका थिए। उनीहरूले पीडितको राहदानीसमेत जफत गरी १५ दिनसम्म उक्त कम्पनीमा बन्धक बनाई राखेको र दिनको १३ देखि १५ घण्टासम्म कठिन काममा लगाई पारिश्रमिकसमेत नदिने गरेको पीडितलाई उद्धृत गर्दै नेपाल प्रहरीको मानव बेचबिखन तथा अनुसन्धान ब्युरोका प्रहरी नायब उपरीक्षक ज्ञानबहादुर विष्टले जानकारी दिनुभयो। उहाँका अनुसार पीडकले पीडितलाई उक्त कम्पनीको मालिकले भनेअनुसार नगरेमा शारीरिक मानसिक यातना दिँदै श्रम शोषण गर्ने गरेका थिए। मुद्दाका फरार प्रतिवादीहरूको खोजतलास गर्ने क्रममा मानव बेचबिखन तथा अनुसन्धान ब्युरोको समन्वय र जिल्ला प्रहरी कार्यालय झापाको सहयोगमा शेखरनाथलाई लुकिछिपी बसिरहेको अवस्थामा सोमबार पक्राउ गरिएको हो। उनीमाथि मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट पाँच दिनको म्याद भई आवश्यक अनुसन्धान भइरहेको छ।

# अख्तियारद्वारा चंखेलीका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृतसहित सातजनाविरुद्ध भ्रष्टाचार मुद्दा

**हिमालय टाइम्स**
काठमाडौं, १० फागुन

हुम्ला चंखेली गाउँपालिका-३ स्थित मिमि वडा कार्यालयको फिल्ड निर्माण योजनामा अनियमितता गरी भ्रष्टाचार गरेको अभियोगमा तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृतसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत विष्णुबहादुर शाही, इन्जिनियर रुद्रबहादुर वली र असिस्टेन्ट सबइन्जिनियर हर्कधन बुढाविरुद्ध बिहीबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको हो।

अख्तियारका प्रवक्ता नरहरि घिमिरेले मिमि वडा कार्यालयको फिल्ड निर्माण योजनामा अनियमितता गरेको भन्ने उजुरी कार्यालयमा परेको जानकारी दिनुभयो। सो उजुरीका आधारमा अनुसन्धान हुँदा फिल्ड निर्माण कार्यमा फिल्डको वास्तविक भए, गरेको कार्यभन्दा बढी मूल्यांकन गरी नापी किताबमा चढाई हस्ताक्षर गरी निर्माणस्थलमा भए, गरेको कार्यभन्दा बढी तथा साइटमा नगरे, नगराएको परिमाणको झुट्टा बिल भरपाई तथा कार्य सम्पन्न प्रतिवेदन तयार एवं स्वीकृत गरी ११ लाख ९४ हजार ४२६ बढी भुक्तानी दिई भ्रष्टाचार गरेको पुष्टि भएको प्रवक्ता घिमिरेले जानकारी दिनुभयो।




यसैगरी, तत्कालीन उपभोक्ता समितिका अध्यक्ष गोर्ख बुढा, सचिव मानबहादुर ऐडी र कोषाध्यक्ष डल्ली बुढाले वास्तविकरूपमा भएको कार्यभन्दा बढी भुक्तानी माग गरी ११ लाख ९४ हजार ४२६ रुपैयाँ भुक्तानी लिने कार्य गरी भ्रष्टाचार गरेको ठहर अख्तियारको छ।

अध्यक्ष बुढा, सचिव ऐडी र कोषाध्यक्ष बुढाविरुद्ध सोही रकम बिगो कायम गरी भ्रष्टाचार निवारण ऐनबमोजिम कैद र जरिवाना गरी बिगो जफत हुन मागदाबी लिइएको छ। साथै चंखेली गाउँपालिका-३ का वडाध्यक्ष शालिग्राम ऐडीले आव २०७४/०७५ मा सञ्चालित चंखेली गाउँपालिका-३ स्थित मिमि वडा कार्यालयको फिल्ड निर्माण कार्यमा नभए, नगरेको कार्यलाई समेत भए, गरेको भनी सिफारिस तथा प्रतिवेदनसमेत दिई भ्रष्टाचार गरेको आरोप छ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा (ङ) को उपदफा (घ) बमोजिमको कसुर गरेकाले ऐडीलाई सोही दफा ८(३) बमोजिमको सजाय हुन मागदाबी लिई बिहीबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको प्रवक्ता घिमिरेले जानकारी दिनुभयो।


## तारकेश्वर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### धर्मस्थली, काठमाडौं

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*प्रकाशित मिति : २०८०।११।११ गते*

यस कार्यालयबाट मिति २०८०/०९/२६ मा हिमालयन टाइम्समा प्रकाशित सार्वजनिक सूचना अनुसार दर्ता भएका बोलपत्रहरु मूल्यांकन हुंदा निम्न बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही पाईएकोले तपसिल बमोजिम ठेक्काको बोलपत्र स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं | ठेक्का नं. र योजनको विवरण | स्वीकृत हुने बोलपत्रदाताको नाम | कबोल अंक (भ्याट समेत) |
|---|---|---|---|
| 1 | Ping Haleko Dada dekhi Bicharithok Ghari Kholsa Bato Nirman **CONTACT NO: Tara/41/NCB/080-081** | Ashimala Construction pvt.ltd. | 15,09,528.98 |
| 2 | Nagini khola corridor pakki pul nirmaan **CONTACT NO: Tara/42/NCB/080-081** | Riyansh Infrastructure and Developerspvt.ltd. | 24,03,219.96 |
| 3 | Gupteshwor mahadev mandir bata sanrachana basti jane pul nirmaan **CONTACT NO: Tara/43/NCB/080-081** | Riyansh Infrastructure and Developers pvt.ltd. | 20,58,041.46 |
| 4 | Jhanda park ma picnic spot nirman Ta.Na.Pa. 2 **CONTACT NO: Tara/44/NCB/080-081** | Ashimala Construction pvt.ltd. | 26,94,646.88 |
| 5 | Devsthali ganesthan miracle park Ta. Na. Pa. 2 **CONTACT NO: Tara/45/NCB/080-081** | Shanti Sameer Construction & Suppliers pvt. ltd. | 22,54,881.16 |

**प्रमुख प्रशासकीय अधिकृत**



### नेपाल बिद्युत प्राधिकरण
## मातातिर्थ माल्टा ३३ केभी प्रशारण लाइन आयोजना
### रत्नपार्क, काठमाण्डौ

**जग्गा उपलब्ध गराउने सम्बन्धी सूचना**

मिति: २०८०/११/११

नेपाल बिद्युत्त प्राधिकरण अन्तर्गतको मातातिर्थ माल्टा ३३ केभी प्रशारण लाइन आयोजनाको लागि लाइन निर्माण कार्यको लागि वन ऐन, २०७६ र नियमावली, २०७९ बमोजिम जग्गा प्राप्ति गर्ने सम्बन्धमा तपशिल बमोजिमको विवरण अनुसारको दर्ता भई जग्गाधनी पुर्जा भएको नीजि नम्बरी जग्गा उपलब्ध गराउन इच्छुक जग्गाधनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस आयोजनाको कार्यालयमा निम्न शर्त बमोजिम निवेदन पेश गर्नुहुन जग्गा प्राप्ति सहजीकरण समिति, ललितपुरको मिति २०८०/११/१० गतेको निर्णयानुसार सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:**

१) आयोजनास्थलको नजिक पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको र समान भौगोलिक र पारिस्थितिकीय क्षेत्रमा पर्ने तथा जग्गाको विकास गर्न सकिने भु-वनोट भएको हुनुपर्नेछ।
२) दर्ता भई जग्गाधनी पुर्जा भएको नीजि नम्बरी जग्गा हुनुपर्नेछ।
३) वागमती गाउँपलिका, ललितपुर, वडा नं.०२ भित्र जग्गा आयोजनास्थलको नजिक पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको क्षेत्रमा ३.८६ हेक्टर को एउटै क्लष्टरमा रहेको हुनुपर्नेछ।
४) एक भन्दा बढी व्यक्तिको जग्गा भएमा निजहरुले एकमुष्ठ रुपमा जग्गा बिक्री गर्न मञ्जुर भएको संयुक्त निवेदन दिएको हुनुपर्नेछ।
५) निवेदन पेश गर्दा यस आ.ब. सम्मको तिरो तिरेको रसिदको प्रतिलिपि, जग्गाधनी पुर्जाको प्रतिलिपि र नागरिकताको प्रतिलिपि निवेदनको साथ पेश गर्नुपर्नेछ।
६) ३.८६ हेक्टर जग्गा जमिन खुलेको प्रमाणित ब्लु प्रिन्ट/नक्सा पेश गर्नुपर्नेछ।

यस सम्बन्धी थप जानकारीको लागि आयोजना प्रमुखको सम्पर्क नं.९८५२०६३३५४ मा सम्पर्क गर्न सकिनेछ।

**आयोजना प्रमुख**



### Government of Nepal
## Gaindakot Municiapality
### Office of the Municipal Executive
### Gaindakot, Nawalparasi (Ba.Su.Pu)
### Gandaki Province, Nepal

**Request for Expression of Interest**

**First Date of Publication : 23rd Feb., 2024**

**Development & Implementation of GPS & Web Based Dynamic Digital Profile System of Gaindakot Municipality, Nawalparasi (Ba.Su.Pu)**

1. Government of Nepal (GoN) has allocated fund toward the cost of Development & Implementation of GPS & Web Based Dynamic Digital Profile System of Gaindakot Municipality, Nawalparasi (Ba. Su.Pu) and intends to apply a portion of this fund to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service.
2. The Gaindakot Municipality now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services Development & Implementation of all-inclusive and comprehensive GPS & Web Based Dynamic Digital Profile of Gaindakot Municipality as per the Rural /Urban Profile preparation Procedure (First Amendment), 2078.
3. Interested eligible consultants may obtain further information and EOI document free of cost at the address Gaindakot Municipality, Office of Municipal Executive, Gaindakot, Nawalparasi (East) during office hours on or before12th March, 2024 12:00 PM or visit e-GP system www.bolpatra.gov.np/egp or visit the client's gaindakotmun.gov.np.
4. Consultants may associate with other consultants to enhance their qualifications.
5. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp on or before 12th March, 2024 12:00 PM.
6. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
7. EOI will be assessed based on Qualification 40%, Experience 50%, and Capacity 10% of consulting firm and key personnel. Based on evaluation of EOI, only short listed firms will be invited to submit technical and financial proposal through a request for proposal.
8. Minimum score to pass the EOI is 70.

**Chief Administrative Officer**



## Narpa Bhumi Rural Municipality
### Office of the Rural Municipal Executive
### Chyankhu, Manang
### Gandaki Province, Nepal

**Invitation for Electronic Bids for the Procurement of the Wagal Kholama RCC Tathbanda Nirman**

**Contract Identification No: NBRM/WORKS/NCB-01/2080-081**

***(First date of Publication: 2080/11/11 (23 Feb 2024)***

1. Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang invites electronic bids from eligible bidders for the procurement of **Wagal kholama RCC tathbanda nirman under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.**

| S N | Contract ID | Description of Works | Quantity | Estimated Amounts with VAT & PS (NRs.) | Bid Security (NRs.) | Bid Price (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | NBRM/WORKS/ NCB-01/2080/081 | Wagalkholama RCC tathbanda nirman | 1 Unit | 6393055.82 | 190000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang. Tel: 066-440253, Email: **info@narpabhumimun.gov.np** or may visit PPMO eGP **systemwww.bolpatra.gov.np/egp.**
3. Bidding documents is available online and can be downloaded from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**. Interested bidders shall register in e-GP system and deposit NRs. 3,000.00, the cost of bidding document (non-refundable fee), in the following bank account as specified below:

   Name of the Bank : **Nepal Bank Ltd., Narphu Branch, Manang, Nepal**
   Name of Office : **Narpa Bhumi Rural Municipality, Chyankhu, Manang, Nepal**
   GA 1.1-NARPABHUMI AANTARIK RAJASWA Account no.: **26503000001001000001 (Cost of Bid Document)**
   GA 3-NARPABHUMI STHANIYA TAHA DHARARetention (Dharauti) Account no.: **26503000003000000001 (For bid security)**

4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or **before 12:00 Noon on 24 Mar, 2023 (2080/12/11)**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hours on 24 Mar, 2023 (2080/12/11)** at the Narpa Bhumi Rural Municipality, Office of the Rural Municipal Executive, Chyankhu, Manang, Gandaki Province, Nepal. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security, amounting to a minimum mention above, which shall be valid for 30 days beyond the validity period of the bid. Bidders shall deposit the bid security at the above bank mentioned or as bank guarantee in standard format as specified in bidding document from "A" class commercial bank specifying the contract.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bidsubmission.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.